नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

पत्र संख्याः एजिएम १–५५/७७ ( १९ )

२०७७/११/२६

**श्री सदस्य महानुभावहरू,**
**नेउवामहासंघ ।**

**बिषय : नेपाल उद्योग वाणिज्य महासंघको ५५ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०७७ को सूचना ।**

महोदय,

यस महासंघको विधान (छैठौं संशोधन) को दफा २५.३ अनुसार महासंघको **५५औं वार्षिक साधारण सभा यही २०७७ साल चैत्र २८ र २९ गते (April 10 &11, 2021) शनिवार र आइतवार** होटल सोल्टी, ताहाचल काठमाडौंमा हुने भएको व्यहोरा सवै सदस्यज्यूहरूमा सहर्ष जानकारी गराउदछु । चैत्र २८ गते उद्योग वाणिज्य दिवस-२०७७ समेतको समुद्घाटन हुने व्यहोरा प्रस्तुत गर्दछु ।

महासंघको ५५औं वार्षिक साधारण सभा सम्बन्धी भएका व्यवस्था एवं संक्षिप्त कार्यक्रम यसै साथ पठाएको छु । सो अनुसार ५५औं वार्षिक साधारण सभामा भाग लिन आवश्यक व्यवस्था सहित प्रतिनिधी पत्र, प्रतिनिधि शुल्क र वार्षिक सदस्यता शुल्क पठाई दिने व्यवस्थाको लागि सादर अनुरोध गर्दछु ।

**१. ५५औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०७७ को समुद्घाटन कार्यक्रमः**

**२०७७ साल चैत्र २८ गते होटल सोल्टी ताहाचल, काठमाडौं**

१.१ अध्यक्ष श्री शेखर गोल्छाज्यूबाट स्वागत भाषण ।

१.२ प्रमुख अतिथिबाट ५५औं वार्षिक साधारण सभा, उद्योग वाणिज्य दिवस-२०७७ को समुद्घाटन एवं सम्बोधन ।

१.३ महासंघका सदस्य संघ/संस्था जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ एवं द्विराष्ट्रिय उद्योग वाणिज्य संघलाई कदर सम्मान प्रदान ।

१.४ वरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूबाट धन्यवाद ज्ञापन ।

**२. ५५औं वार्षिक साधारण सभाको औपचारिक कार्यक्रम :**

२.१ अध्यक्ष श्री शेखर गोल्छाज्यूबाट सभालाई सम्बोधन एवं महासंघको आर्थिक रूपान्तरण रणनीतिक कार्ययोजना **(Vision Paper)** प्रस्तुती ।

२.२ निमित्त महानिर्देशक श्री मीना श्रेष्ठबाट महासंघको “वार्षिक प्रतिवेदन २०७७” प्रस्तुत ।

२.३ कोषाध्यक्ष श्री सुकुन्तलाल हिराचनज्यूबाट आ.व. २०७६/७७ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात एवं आय व्यय विवरण प्रस्तुत ।

२.४ लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

२.५ कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरू उपर छलफल ।

क्रमशः .. २

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION. Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

३. **सभामा प्रतिनिधित्व सम्वन्धी व्यवस्था**

३.१. ५५औं वार्षिक साधारण सभामा भाग लिने सम्बन्धमा विधानको दफा २९(३) अनुसार जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सम्बन्धमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ ।

३.२ अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा सम्बन्धित संघको कार्यकारिणी समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार सम्वन्धित संघको कार्यकारिणी समितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपि प्रतिनिधिपत्र दर्ताको समयमा पेश गर्नु पर्नेछ ।

३.३ एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सञ्चालक समितिको सदस्यका साथै कार्यकारी सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रूपमा मनोनयन गरी पठाउनु पर्नेछ ।

४. **सभामा भाग लिने प्रतिनिधि संख्याः**

४.१ महासंघका सदस्य संघ संस्थाहरू जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि सहित ३ जनासम्मको व्यवस्था गरिएको छ ।

४.२ वस्तुगत संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि सहित २ जनासम्मको व्यवस्था गरिएको छ ।

४.३ द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएट सदस्यको हकमा १/१ जनाको प्रतिनिधिको व्यवस्था गरिएको छ ।

५. **प्रतिनिधी शुल्क :**

५.१ वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिहरूको लागि प्रतिनिधि शुल्क प्रति व्यक्ति वापत रु.४,०००। (चार हजार) लाग्ने छ । एशोसिएट सदस्यको हकमा पहिलो सदस्यको प्रतिनिधिलाई रु ४,०००। र सोही प्रतिनिधी अर्को सदस्य संस्थाबाट समेत प्रतिनिधित्व हुने भएमा रु. १,५००।(पन्ध्र सय) मात्र लाग्ने व्यवस्था गरिएको छ ।

६. **वार्षिक सदस्यता शुल्क सम्बन्धमा**

६.१ ५५औं वार्षिक साधारण सभामा भाग लिनको लागि सदस्य संघ संस्था/प्रतिष्ठानहरूले आ.व. २०७७/७८ सम्मको वार्षिक सदस्यता शुल्क बुझाउनु पर्नेछ। उक्त वार्षिक सदस्यता शुल्कका साथै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क सबै सदस्य संघ संस्था/प्रतिष्ठानहरुले यही **२०७७ साल चैत्र २७ गते साँझ ६:०० बजेभित्र** महासंघको सचिवालयमा बुझाउनु पर्ने छ ।

७. **प्रतिनिधि पत्र सम्वन्धी व्यवस्था :**

७.१ ५५औं वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिले भर्नु पर्ने प्रतिनिधि पत्र यसै साथ संलग्न छ ।

क्रमशः .. ३

७.२ उक्त प्रतिनिधि पत्रको सक्कल वार्षिक साधारण सभा हुनु भन्दा **१ दिन अगाडि अर्थात यही २०७७ चैत्र २७ गते**भित्र महासंघको सचिवालय टेकुमा पुग्ने गरी पठाउनु पर्ने छ। यसै समय भित्र प्रतिनिधि पत्र र निर्णयको प्रतिलिपि इमेल/फ्याक्सबाट पठाउन सकिने छ, । तर यी सबै कागजातको सक्कल प्रतिहरू सभा सुरु हुनु अगावै अर्थात २०७७ चैत्र २७ गते साँझ ६:०० बजे भित्र महासंघको सचिवालयमा बुझाई सक्नु पर्नेछ।

८. **प्रस्तावः**

५५औं वार्षिक साधारण सभामा पेश गर्ने प्रस्तावहरू महासंघको सचिवालयमा **२०७७ साल चैत्र २० गते** भित्र आई पुग्ने गरी पठाउनु हुन अनुरोध गरिएको छ।

**संलग्नः**

१. महासंघको वार्षिक प्रतिवेदन।
२. महासंघको आ.व. २०७६/७७ को वासलात र लेखापरीक्षकको प्रतिवेदन।
३. प्रतिनिधि पत्र थान १ (एक)।

भवदीय,

( मीना श्रेष्ठ )
नि. महानिर्देशक

**बोधार्थः**

श्री अध्यक्षज्यू, नेउवामहासंघ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ।
श्री पूर्व अध्यक्ष एवं विशिष्ठ सदस्यज्यू, नेउवामहासंघ।
श्री वरिष्ठ उपाध्यक्षज्यू श्री उपाध्यक्षज्यूहरू, एवं श्री कोषाध्यक्षज्य, नेउवामहासंघ।
श्री अध्यक्षज्यू, प्रदेश उद्योग वाणिज्य महासंघ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरू, नेउवामहासंघ।